annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२८ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २२ चैत २०८१ | चैत्र शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४५ | FRIDAY, APRIL 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## सुन जफत हुन्छ, अनि के गरिन्छ ?




**नेपालमा तस्करीबाट भित्रिएका सुनचाँदी बर्सेनि सयौं किलो जफत गरिएको छ । तर, यस्तो सुनलाई नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाले परीक्षण गरेर खरिद गर्छ । उक्त रकम सरकारको ढुकुटीमा जम्मा हुन्छ । टक्सारले तस्करीका सुनचाँदीलाई पगालेर गुणस्तर परीक्षण गर्छ । त्यसपछि असर्फी, मेडालियन, स्मारीका बनाउन र मन्दिरहरूमा जलप लगाउन राष्ट्र बैंकले उक्त सुन बिक्री गर्दै आएको छ । टक्सार महाशाखाको तथ्यांकअनुसार विगत साढे ५ वर्षको अवधिमा प्रहरीले बरामद गरिएका करिब ३ सय ९९ किलो ८ सय ग्राम सुन राष्ट्र बैंकले खरिद गरेको छ । साथै, सोही अवधिमा करिब १ सय ९० किलो सुन बिक्री गरेको जानकारी दिएको छ ।**

ममता थापा | *काठमाडौं*

– को रिपोर्ट

विस्तृत पृष्ठ २




## बालेनले छेक्दाछेक्दै पनि गुरागाईंले गरे हाजिर

**काठमाडौं** (अन्नपूर्ण) : काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं तीन महिना १४ दिनपछि बिहीबार कार्यालय पुगे। मेयर बालेन साहले उनलाई अवरोध गर्न नगरप्रहरी परिचालन गरे पनि नगरप्रहरीको अवरोध छिचोल्दै गुरागाईं कार्यालय प्रवेश गरेका हुन्।

पुरानो बसपार्कमा काठमाडौं टावरको नक्सा नियमविपरीत पास गर्ने प्रक्रिया अगाडि बढाएपछि गुरागाईंलाई महानगरले जिम्मेवारीबाट हटाउँदै निलम्बन गरेको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुरागाईंलाई काठमाडौं महानगरपालिकामै हाजिर गर्ने वातावरण बनाइदिनु भन्दै एक महिनाअघि पत्र पठाएको थियो।

पत्र पठाएको एक महिनापछि गुरागाईं महानगरपालिका गएका हुन्। उपप्रमुख सुनिता डंगोल, अधिकांश कार्यपालिका सदस्य, वडाध्यक्षहरू र कर्मचारी पनि उनी कार्यालय पुग्दा सँगै रहेका थिए।

कार्यालय प्रवेश गरे पनि गुरागाईंलाई कार्यकक्ष प्रवेशमा रोक लगाइएको थियो। कार्यकक्षमा प्रवेश गर्न रोक लगाएपछि बोर्डको अनौपचारिक बैठकले उनलाई कार्यकक्ष प्रवेशमा सहयोग गर्न नगरप्रहरीलाई निर्देशन दिएको थियो।

उपमेयर डंगोलले हरेक घटनाक्रममा आफूहरू जानकार रहेको भन्दै मेयर साहलाई कोठामा बसेर निर्देशन नदिनसमेत चेतावनी दिइन्। 'मन्त्रालयबाट पठाएपछि प्रमुख प्रशासकीय अधिकृत हाजिर गर्न आउनुभएको छ,' उनले भनिन्, 'उहाँ हाजिर गर्न आउँदा यो झडपको अवस्था हुनु राम्रो कुरा होइन। कर्मचारी-कर्मचारीबीच लडाइँ हुनु पनि राम्रो होइन।'

उनले प्रमुख प्रशासकीय अधिकृत दोषी प्रमाणित भएको अवस्थामा कारबाही गर्न तयार रहेको भन्दै अहिले उनलाई दोषी प्रमाणित गर्न नसकेको उल्लेख गरिन्।

» बाँकी पृष्ठ ६

## ट्रम्पले तोके नयाँ भन्सार दर, विश्व बन्यो तरंगित

सुनिता कार्की | *काठमाडौं*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वका ९० राष्ट्रलाई पारस्परिक करको घोषणा गरेका छन्। बुधबार अमेरिकाको स्वतन्त्रता दिवसमा सम्बोधन गर्दै अमेरिकी राष्ट्रपतिले वस्तुको आयातमा थप भन्सार दर घोषणा गरेका हुन्।

थप भन्सार दर न्यूनतम (आधार दर) १० प्रतिशतदेखि अधिकतम ५० प्रतिशतसम्म निर्धारण गरिएको छ। सरकारले निर्धारण गरेको नयाँ कर चीन, युरोपेली संघलगायतका देशहरूसँग अमेरिकाको व्यापार घाटा कम गर्ने उद्देश्यले तोकिएको राष्ट्रपति ट्रम्पले बताए।

१० प्रतिशत थप दर अप्रिल ५ (चैत २३ गते) बाट र १० प्रतिशतभन्दा बढी दर अप्रिल ९ (चैत २७ गते) बाट लागू हुने जनाइएको छ।

ट्रम्पले यस्ता शुल्कले घरेलु उत्पादनलाई बढावा दिने बताउँदै प्रतिस्पर्धी बजारमा आयातीतभन्दा घरेलु वस्तुको मूल्य सस्तो हुने र आन्तरिक व्यापार



मौलाउने उल्लेख गरेका छन्। अमेरिकी राष्ट्रपतिले व्यापारिक असन्तुलनलाई सम्बोधन गर्न र अमेरिकी रोजगारी र उत्पादनलाई जोगाउन यी करले भूमिका खेल्ने विश्वास लिएका छन्।

अमेरिकामा विदेशी सामान भित्र्याउने कम्पनीहरूले नै सरकारलाई उक्त कर तिर्नुपर्ने छ। अमेरिकाले केही देशहरूलाई आधार दर मात्र लगाएको छ। बेलायत, सिंगापुर, ब्राजिल, अष्ट्रेलिया, न्युजिल्यान्ड, टर्की, कोलम्बिया, अर्जेन्टिना, एल साल्भाडोर, संयुक्त अरब इमिरेट्स लगायतका देशलाई १० प्रतिशत भन्सार दर लगाएको उल्लेख छ। तर, क्यानाडा र मेक्सिकोमा भने १० प्रतिशत आधार दर पनि लगाइएको छैन। ह्वाइट हाउसले ट्रम्पको अघिल्लो कार्यकारी आदेशमा तय भएको कार्ययोजनाअनुसार दुवै देशहरूसँग सम्झौता गर्ने बताएको छ। ट्रम्प सरकारले अमेरिकामा फेन्टानिल (हाइडोजको औषधि) को प्रवेश र सीमा समस्याहरूलाई सम्बोधन गर्ने प्रशासनको प्रयासको रूपमा दुवै देशहरूमा कर लगाएको थियो। ट्रम्पले ती २ देशबाट अमेरिका आयात हुने सबै वस्तुमा २५ प्रतिशत कर घोषणा गरिसकेको छ।

राष्ट्रपति ट्रम्पले सबैभन्दा बढी लेसोथोलाई ५० प्रतिशत थप भन्सार दर लगाएको छ। त्यसपछि, कम्बोडिया ४९ प्रतिशत, लाओस् ४८ प्रतिशत, मदागास्कर ४७ प्रतिशत, भियतनाम ४६ प्रतिशत, श्रीलंका ४४ प्रतिशत लगायत छन्।

» बाँकी पृष्ठ ६

### कसलाई कति थप भन्सार दर

| | | |
|---|---|---|
| नेपाल | : | कम्तीमा १० प्रतिशत |
| लेसोथो | : | ५० प्रतिशत |
| कम्बोडिया | : | ४९ प्रतिशत |
| भियतनाम | : | ४६ प्रतिशत |
| म्यानमार | : | ४५ प्रतिशत |
| श्रीलंका | : | ४४ प्रतिशत |
| बंगलादेश | : | ३७ प्रतिशत |
| थाइल्यान्ड | : | ३७ प्रतिशत |
| चीन | : | ३४ प्रतिशत |
| पाकिस्तान | : | ३० प्रतिशत |
| भारत | : | २७ प्रतिशत |
| जापान | : | २४ प्रतिशत |
| मलेसिया | : | २४ प्रतिशत |
| युरोपियन युनियन | : | २० प्रतिशत |
| फिलिपिन्स | : | १८ प्रतिशत |
| इजरायल | : | १७ प्रतिशत |
| नर्वे | : | १६ प्रतिशत |

FRESH LEMON INSIDE LEMONZAAAAA Nimbu Pani THE TASTE OF NEPAL

SINGAPORE BEVERAGES NEPAL PVT. LTD.

SINGAPORE BEVERAGES NEPAL PVT. LTD. THE TASTE OF NEPAL

Proudly Born In Nepal

### ग्राहक महानुभावहरुमा अत्यन्त जरुरी सूचना

सर्वप्रथम यस कम्पनी **सिंगापुर बेभरेज नेपाल प्रा.लि. (Singapore Beverages Nepal Pvt. Ltd.)** बाट उत्पादित लेमन्जा **निम्बुपानी (Nimbu Pani)** लाई छोटो समयमा देश र विदेशमा रहेका नेपालीहरूले गौरवका साथ राष्ट्रिय उत्पादनको दर्जा दिई अंगीकार गरिदिनभएकोमा हामी आभारी छौं। सम्पूर्ण नेपालीको मायाले आज हामी लेमन्जा **निम्बुपानीलाई जापान, अमेरिका, अस्ट्रेलिया तथा युरोप** निरन्तर निर्यात गर्न सफल भएकोमा गौरवान्वित छौं। देशदेखि विदेशमा लोकप्रिय हुँदै गर्दा हाल आएर बजारमा स्वस्थ तथा अस्वस्थ प्रतिस्पर्धाको सामना गर्न पनि बाध्य भएका छौं।

**स्वस्थ प्रतिस्पर्धा**

समान प्रकृतिका वा थप सेवा-सुविधा गुणस्तरसहित आफ्नो पहिचान बोकेर यस Segment लाई अझ व्यापकीकरण गर्नुलाई हामी अत्यन्त स्वागत गर्दछौं, जसले बजार विस्तार मात्र होइन, हरेक कम्पनीलाई बजार हिस्सा बढाउनका साथै ग्राहकलाई थप Tangible/ Intangible सुविधा दिन उत्प्रेरित गर्दछ। यस्तो प्रतिस्पर्धा सदैव ग्राहकमुखी हुन्छ, जसले अल्पकालमा केही आर्थिक दायित्व थपे पनि दीर्घकालमा अत्यन्तै लाभकारी हुनेछ।

**अस्वस्थ प्रतिस्पर्धा**

हेर्दा समान प्रकृतिका मात्र नभई Packaging, Labelling, Color सम्पूर्ण रूपमा हुबहु लेमन्जा **निम्बुपानी** जस्तो देखिने वस्तुहरू बजारमा छ्यापछ्याप्ती देखिन थालेका छन्। हामी यसलाई पनि स्वागत गर्दथ्यौं होला। किनकि कमसल वस्तुको आगमनले बल्ल सही वस्तुको सही पहिचान हुन्छ। तर यस वस्तुको प्रकृति (सानो लगानी अनि लेमन्जा **निम्बुपानी** जस्तो देखिने वस्तु लेमन्जा **निम्बुपानी** सम्झेर किन्ने) को कारणले बजारबाट तपाईंको लेमन्जा निम्बुपानीको गुणस्तर किन खस्केको भन्ने जस्ता गुनासा अत्यन्त धेरै आइरहेका छन्। अन्तर्राष्ट्रिय उत्पादनको बजार हिस्सामा धेरै दुःख गरेर सानो हिस्सा आफ्नो नाममा गर्न पाउँदा जुन गौरवको अनुभूति भएको थियो, आज यस प्रकारको अस्वस्थ प्रतिस्पर्धाले वर्षौंको मिहिनेतले पाएको सानो हिस्सा फेरि हाम्रै लुछाचुँडीले उसैको पोल्टामा जाने त होइन भन्ने ठूलो चिन्ता हुनु स्वाभाविक हो। तैसर्थ हामी विश्वस्त छौं, अन्तर्राष्ट्रिय वस्तुको हक-अधिकारको समेत डटेर पालन गर्ने हाम्रो सरकारले राष्ट्रिय गौरवको वस्तु बन्न सक्ने वस्तुलाई भ्रूणबाट निकालेर बामे नसर्दै मर्न दिनेछैन।

हामी आफ्ना ग्राहकलाई विश्वस्त पार्न चाहन्छौं कि, यस प्रकारको अस्वस्थ प्रतिस्पर्धाले हामीलाई अझ गुणस्तरीय तथा अतुलनीय वस्तु प्रदान गर्ने अभिभारा थपिएको छ, जसमा हामी कटिबद्ध छौं।

**अब पालो ग्राहकवर्गहरूको**

ग्राहकवर्गले खाइरहेको लेमन्जा **निम्बुपानी** किन्न जाँदा लेबल तथा बिर्कोबाट **Singapore Beverages Nepal Pvt. Ltd.** को उत्पादन हो भनेर यकिन गरेर मात्र किनिदिनुहोला तथा नयाँ ग्राहकहरूले अरु लेमन्जा **निम्बुपानी** जस्ते देखिने वस्तु पिउनुभएको छ भने एकचोटि **Singapore Beverages Nepal Pvt. Ltd.** को लेमन्जा **निम्बुपानी** पिउन अनुरोध गर्दछौं।

**"तुलना गरौ, सन्तुष्टिको आधारमा रोजौ"**

